स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नाबालिग बलात्कारको आरोप लागेका अभिनेता पल शाह (पूर्ण विक्रम शाह)लाई सफाइ दिने उच्च अदालत पोखराको फैसलालाई सर्वोच्च अदालतले दोहोऱ्याएर हेर्ने अनुमति दिएको छ । उच्च अदालत पोखराको फैसलाविरुद्ध २०७८ गैंडाकोट ५ (ख)ले सर्वोच्च अदालतमा दोहोऱ्याएर हेरि पाउँ भन्दै निवेदन दिएको थियो । निवेदनमाथि मंसिर २२ गते सर्वोच्चमा सुनुवाइ भएको थियो । अघिल्लो वर्ष उच्च अदालत पोखराका तत्कालीनद्वय न्यायाधीश डिल्लीराज आचार्य र श्रीधराकुमारी पुडासैनीको संयुक्त इजलासले अभियोग दावी नपुग्ने भन्दै पललाई सफाइ दिएको थियो ।

**आजको विचार...**



माओवादी...
(दुई पेजमा)

रामजी आचार्य



कलाकार हरिवंश आचार्यले चेलीबेटी बेचबिखनविरुद्ध गीत ल्याएका छन् । उनले यसअघि पनि यही कथावस्तुमा 'कर्कलो कोक्याउला' र 'काउली' गीत ल्याएका थिए । यसपटक भने उनले गाएको गीतको बोल छ- 'हिंड माया हिंड' । माइती नेपालको प्रस्तुतिमा बनेको गीतमा आचार्यकै शब्द र संगीत छ । स्वरमा उनलाई स्मिता दाहालले साथ दिएकी छिन् । 'चेलीबेटी बेचबिखनबारेको जनचेतनामूलक गीत हो यो,' गीतबारे हरिवंशले भने, 'यो समस्या हाम्रो देशको नियतिजस्तै भइसक्यो । पहिले चेलीबेटीलाई भारतमा लगेर बेचिन्थ्यो, अहिले त्यो खाडी मुलुकसहित अफ्रिका लगायत अन्य मुलुकतिर पनि सरेको छ ।'

❒ वर्ष २९ ❒ अंक १३९ ❒ २०८० पुस १ गते आइतबार 17 December 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### ३४ भूकम्पपीडितको ज्यान गयो

**पाल्पा,** मंसिर ३०/जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पबाट प्रभावित पीडितहरुले अहिले चिसो र झाडापखालाका कारण ज्यान गुमाउन बाध्य भएका छन् । प्रभावितहरुका लागि अहिलेसम्म अस्थायी आवास निर्माण हुन नसक्दा खुला आकाशमै बस्न बाध्य भएका भूकम्पपीडितहरूले अहिले चिसोका कारण ज्यान गुमाउनु परेको हो ।

जाजरकोट र रुकुम पश्चिममा चिसो र झाडापखालाका हालसम्म ३४ जनाले ज्यान गुमाइसकेका छन् । भूकम्पको केन्द्रबिन्दु बारेकोटको रामीडाँडामा कसैले ज्यान गुमाउनुपरेको थिएन, घर भत्किएर त्रिपालमा बस्न थालेपछि चिसोका कारण रामीडाँडा गाउँमा मात्र १४ जनाको मृत्यु भएको छ । चिसो र झाडापखालाका कारण डेढ महिनायता जाजरकोट र रुकुम पश्चिमका ३४ जना भूकम्पपीडितको ज्यान गएको हो ।

जाजरकोटको बारेकोट रामीडाँडा केन्द्रबिन्दु बनाएर गत कात्तिक १७ मध्यरातमा गएको भूकम्पपछि खुला आकाशमुनि रात बिताउन बाध्य पीडितहरूमध्ये जाजरकोटका २९ र रुकुम पश्चिमका ५ जनाको ज्यान गएको हो । जसमा १ महिने शिशुदेखि ८९ वर्षीया वृद्धासमेत छिन् । यति लामो समय व्यतित भैसक्दासमेत त्यसबाट प्रभावितहरुको पीडा कम हुन सकेको देखिँदैन । सरकारले आफ्नो अभिभावकीय जिम्मेवारी निर्वाह गर्न नसक्दा भूकम्प पीडितहरू चिसोकै कारण ज्यान गुमाउनु परेको छ ।

# रुख बाहेक अर्को चिन्हमा मत हाल्न लगाउने गल्ती अब काँग्रेसले गर्दैन : महामन्त्री थापा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर ३०/नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले रुख बाहेक अर्को चिन्हमा मत हाल्न लगाउने गल्ती अब काँग्रेसले नगर्ने बताएका छन् । शनिबार नेपाली काँग्रेस पाल्पाको प्रथम जिल्ला सम्मेलनलाई तानसेनमा सम्बोधन गर्दै महामन्त्री थापाले हिजो जे भयो भयो, अबको यात्रामा काँग्रेसका व्यक्तिहरुलाई रुख चिन्ह बाहेक अर्को चिन्हमा मत हाल्न लगाउने गल्ती र अपराध काँग्रेसले नगर्ने बताएका हुन् ।

उनले भने,'काँग्रेस भनेको आस्थाको मन्दिर हो, तर त्यो मन्दिर माथि चोट लागेको छ, त्यसैले नेपाली काँग्रेसले महासमितिको बैंठकबाट हात जोडेर भन्नुपर्छ कि जे भयो भयो अब यो भन्दा अगाडिको यात्रामा कुनै निर्वाचनमा हारिएला भन्ने डरले, जितिएला भन्ने लोभले काँग्रेसका मान्छेलाई रुखभन्दा अर्को चिन्हमा मत हाल्न लगाउने गल्ती, अपराध अब हामीले गर्ने छैनौं भनेर हाम्रो यात्रा सुरु गर्नुपर्छ ।' महामन्त्री थापाले २०८४ सालमा सबै पालिका, सबै निर्वाचन क्षेत्र हार्नु परे पनि काँग्रेसले गठबन्धन नगर्ने दाबी गरे । 'निर्वाचनमा बरु हार्न परोस्, तर कार्यकर्ताको शीर निहुरिने गरी अर्को दललाई भोट हाल्न लगाउने गरी गठबन्धन गरिँदैन,' उनले भने, 'सबै कम्युनिष्ट मिलुन्, स्वन्तत्रहरू पनि मिलुन् तर काँग्रेस एक्लै लड्छ ।' त्यतिन्जेल एक्लै लड्न सक्ने काँग्रेस




बनाउने समेत उनले दाबी गरे । २०१५ सालको सरकारको गर्व गर्ने काँग्रेसले २०८४ को निर्वाचनको चिन्ता गर्ने काँग्रेसले वर्तमानमा जनताको मन जित्ने गरी काम गर्नुपर्ने उनको तर्क छ । 'हामी विगतको गर्व गर्छौं भविष्यको चिन्ता पनि गर्छौं,'उनले भने,'तर यो असामयिक, अव्यवहारिक छ । किनकि अहिले तीन सय बढी स्थानीय तहमा काँग्रेसले नेतृत्व गरेको छ ।

सात प्रदेशमध्ये चार प्रदेशमा मुख्यमन्त्री काँग्रेसकै छन् । केन्द्रमा पनि काँग्रेस सरकारमै छ । केही महिना पछि हाम्रो प्रधानमन्त्री बन्दैछ । धेरै स्थानीय तहमा वडा तहसम्म नै काँग्रेस बढी छ । दायाँ ठोकिए मेयरसँग र बायाँ ठोकिए उपमेयरसँग नै ठोकिन्छ । अहिले जनतामा निराशा बढेको बेला हामीले जनतालाई आशा र भरोसा जगाउने गरी काम गर्ने हो । जनताले अनुभूति गर्ने गरी काम गर्न सक्यौं भने जनता आफै हाम्रो पक्षमा लाग्छन् ।' काँग्रेसबाट निर्वाचित जनप्रतिनिधिले पार्टीसँग सरसल्लाह गर्ने नागरिकका आवश्यकता र चाहना पूरा गर्ने गरी काम गर्नुपर्ने उनले बताए । 'महिनामा एक पटक पार्टीका साथीहरूसँग बसेर छलफल गर्नुस्,' उनले भने,'जनताको आवश्यकता र चाहाना के छ पहिचान गरी काम गर्नुस् ।' कार्यक्रममा विशिष्ट अतिथि काँग्रेसका सह-महामन्त्री भीष्म राज आङदेम्बेले नेपाली काँग्रेलाई अब अलमलिने छुट नभएको बताए । उनले विगतमा भन्दा वर्तमानमा समस्याहरु धेरै भएकाले त्यसको समाधानका लागि पनि काँग्रेस अलमलिन नहुने धारण व्यक्त गरे । सह-महामन्त्री आङदेम्बेले भने,'जनताप्रति काँग्रेसको भरोसा छ, त्यसैले पनि अब हामी सुतेर हैन, सच्चिएर हिड्न जरुरी छ , अब काँग्रेस उठ्छ र उठ्नुपर्छ ।' केन्द्रीय सदस्य दीपक गिरीले भ्रष्टचारको अन्त्यका लागि अब काँग्रेसले सोच्न जरुरी रहेको बताए । उनले भ्रष्टाचारको अन्त्य नभएसम्म देशमा आर्थिक समृद्धि र सुशसान आउन नसक्ने भन्दै त्यसको समाधानमा काँग्रेस लाग्न आवश्यक रहेको औल्याए । कार्यक्रममा अर्का केन्द्रीय सदस्य रुपा विकले पार्टीमा पुस्तान्तरण नभई रुपान्तरण आवश्यक रहेको बताईन् । उनले युवा, महिला, दलित, किसान, उद्योगी, व्यवसायीहरुको थुप्रै समस्याहरु भएकाले त्यसको समाधनका उपायहरु दिन काँग्रेस मात्र एक विकल्प पार्टी रहेको धारणा व्यक्त गरिन् ।

कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन,पूर्व केन्द्रीय सदस्यहरु हरीप्रसाद नेपाल, राजनप्रसाद पन्त, काँग्रेस पाल्पाका निर्वतमान सभापति विरबहादुर राना, काँग्रेस प्युठानका सभापति विष्णु गिरी लगायतले जन जिविकाका सवाल सम्बोधन गरेर पार्टीलाई जनमुखी बनाउनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले राजनीतिक प्रतिवेदन, सचिव सन्तोष थापा मगरले सांगठनिक प्रतिवेदन, कोषाध्यक्ष महोन प्रसाद श्रेष्ठले आर्थिक प्रतिवेदन पेश गरेका थिए । काँग्रेसले पूर्व जिल्ला सभापति, अक्षकोषदाता, निर्वाचित जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि, पत्रकारहरुलाई समेत सम्मान गरेको पार्टी प्रवक्ता शोभाखर न्यौपानेले बताए । जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, उपसभापति झपेन्द्र गरिहेको स्वागत, सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज विवाह पञ्चमी

**पाल्पा,** मंसिर ३०/त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीका दिन भगवान् राम र सीताको विवाह भएको सम्झनामा आज देशभर विवाह पञ्चमी महोत्सव मनाइँदैछ ।

द्धत्रेतायुगमा मिथिलाको राजधानी जनकपुरधाममा भगवान सीता र रामको विवाह भएको मान्यताका आधारमा उत्सव मनाउने गरिएको हो । मिथिलावासीले यस पर्वलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् । त्रेतायुगमा मिथिलाका राजा जनकले छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीनटुक्रा पारेपछि मंसिर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको धार्मिक ग्रन्थ रामायणमा उल्लेख छ । मंसिर २६ गतेबाट विधिवत सुरु भएको सीताराम विवाहपञ्चमीको पहिलो दिन नगर दर्शन, दोस्रो दिन फुलबारी लिला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिल्कोत्सव, पाँचौदिन मटकोर भएपछि आज छैठो दिन आइतबार राम र जानकीको विवाह र सोमबार राम कलेवा गरी विवाहपञ्चमी महोत्सव विधिवत सम्पन्न हुने छ । यस अवसरमा आज देशभरका राम मन्दिरमा पनि विवाह महोत्सव मनाइन्छ । श्रद्धालु भक्तजन बिहान सबेरैदेखि पवित्र सरोवर र नदीमा स्नान गरी पूजाअर्चना गर्ने गर्छन् । यस अवसरमा भजनकीर्तन, रामलीला, झाँकी र प्रवचनको पनि आयोजना हुँदै आएको छ । देवताको मानवीयकरणको भावनासँग सम्बद्ध विवाह महोत्सवमा सरिक भएपछि मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने धार्मिक विश्वास छ ।

# प्लास्टिकका सामग्रीले चुँदारा समुदायको पेसा संकटमा

गुल्मी, मंसिर ३०/गुल्मीमा काठका भाँडा बनाउँदै आएका चुँदारा समुदायको पेसा पछिल्लो समय संकटमा परेको छ । चुँदारा समुदायले विगतदेखि परम्परागत रुपमा काठबाट कुँदिएका सामग्री बनाएर बिक्री गरी जीविकोपार्जन गर्दै आएका थिए ।

आजभोलि प्रविधिको विकाससँगै बजारमा आधुनिक प्रविधिबाट निर्मित प्लास्टिकका सामग्री आउन थालेपछि परम्परागत हातले बनाएका काठका सामग्रीको प्रयोग घटेको मालिका गाउँपालिकाको घमिरका नरबहादुर कार्कीले बताए । आयातित प्लास्टिकका सामग्रीले काठका भाँडालाई विस्थापित गरिदिँदा पेसा नै संकटमा परेको उनको भनाइ थियो ।

आधुनिक प्रविधिसँगै स्थानीय बजारमा सस्तोमा आकर्षक तथा आधुनिक भाँडाकुँडा प्रयोगमा आउन थालेपछि चुँदारा समुदायको पुर्ख्यौली पेसा संकटमा पर्न थालेको



हो । 'ग्रामीण क्षेत्रमा गिठीको काठबाट निर्माण गरिएका ठेका, आरीलगायत भाँडाहरु दूध, दही र मही राख्नका लागि प्रयोग गरिन्छ', कार्कीले भने, 'काठका भाँडामा राखेको दही र मही चाँडो नबिग्रिने हुँदा खानको लागि निकै स्वादिलो र राम्रो मानिन्छ ।' आधुनिकताले गाईभैंसी पाल्ने, दही, मही बनाउनेको कमी हुँदै जाँदा काठका प्रयोगको पनि कमी आएको उनको भनाइ थियो ।

पछिल्लो समय गाउँघरमा काठबाट निर्मित सामग्रीहरु बिस्तारै लोप हुँदै जान थालेको मुसिकोट नगरपालिका-२ का रेशम चालिसेले बताए । नयाँ पुस्ता बिस्तारै गाउँ छोडेर सहर तथा विदेश पलायन हुने र पुराना पुस्तामा सीप भए पनि बजारीकरण गर्न नसक्दा समस्या भएको उनको भनाइ थियो । 'परम्परागत पेसा र पुराना सामग्रीको प्रयोग तथा कला, संस्कृतिको संरक्षण गर्न स्थानीय पालिका र पेसाकर्मीहरुले खासै चासो दिन सकेका छैनन्', चालिसेले भने, 'सीप जानेकाले हस्तान्तरण गर्न नसक्नु, बजारीकरणको कमीलगायत कारणले काठका भाँडा र भाँडा बनाउने पेसा नै लोप हुँदै जान थालेका हुन् ।' बजारमा पाइने प्लास्टिकबाट निर्मित भाँडाहरु झट्ट देख्दा आकर्षक हुने र मूल्य पनि काठका भाँडाको तुलनामा कम पर्ने भएकाले यस्तो समस्या आएको गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष सरोजकुमार थापाले बताए ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## राष्ट्रिय झण्डाको अपमान नगरौं

राष्ट्रिय झण्डा एकताको प्रतीक हो । झण्डालाई सम्मान गर्नु भनेको राष्ट्रलाई सम्मान गर्नु हो,तर पछिल्लो समय यसको व्यापक अपमान हुने गरेको छ । जानेर वा नजानेरै मानिसले झण्डाको चरम अपमान गर्ने गरेका छन् । विभिन्न राजनीतिक दलका चुनावी कार्यक्रममा केही नेता कार्यकर्ताले नेपाली राष्ट्रिय झण्डा नै ओढ्ने गरेको देखिन्छ । जसमा स्वतन्त्र रुपमा उम्मेद्वार भएका नेताहरू नै अग्रस्थानमा रहने गरेको पाइन्छ । राष्ट्रिय झण्डा ओढेर चुनावको प्रचार-प्रसार गरी मेयरदेखि माननीयसम्म हुँदै गर्दा यससम्बन्धी कसैले प्रश्न उठाएको तथा विमर्श भएको देखिदैन । यो अत्यन्त दुखको कुरा हो ।

चुनावी प्रचार प्रसारका क्रममा मोटरसाइकलमा झण्डा ठड्याउने,त्यसैलाई टाउको, कम्मर वा मोटरसाइकलको मिररमा बाँधेको पनि देखिन्छ । यसले प्रष्ट पार्छ कि हामी नेपाली राष्ट्रिय झण्डाको सम्मानप्रति कति सचेत छौं । यस्ता कार्यले झण्डाको सम्मान हुँदैन । नेपाल सरकारले नै राष्ट्रिय झण्डाको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन प्रयोगसम्बन्धी कार्यविधि नै बनाएको छ । झण्डाको प्रयोग गर्दा कहाँ गर्ने, कसरी गर्ने भन्ने कुराको जानकारी हुन आवश्यक छ । कार्यविधिले नै राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कुनै कार्य गर्न वा गराउन निषेध गरेको छ । व्यक्तिले शरीरमा राष्ट्रिय झण्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भागबाहेक अन्यत्र वा यसरी प्रयोग गर्दा चन्द्रमा तल पर्ने गरी लगाउन निषेध गरिएको छ । छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक वा चित्र राख्न पाइँदैन तर, अधिकासं नेपालीले यस्ता कुराहरुको हेक्का नै राखेको देखिँदैन । समाज र राष्ट्रको नेतृत्व गर्छु भन्नेहरुले नै यस्ता कुराको वेवास्ता गर्छन् भने सर्वसाधारण नागरिकको के कुरा । झण्डाको सम्मानको लागि हरेक वर्ष डिसेम्बर १६ मा राष्ट्रिय झण्डा दिवस मनाउने गरिएको छ । आज पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । सन् १९६२ डिसेम्बर १६ मा अन्तर्राष्ट्रिय रुपमा नेपाली राष्ट्रिय झण्डाको रुपमा स्थापना गरिएको दिनको सम्झनामा यो दिवस मनाउन सुरु गरिएको हो । दिवस आफैमा राम्रो हो तर झण्डाको सम्मान गर्ने संस्कारलाई सबै सामु बसाल्न सकिएको छैन । झण्डा प्रयोग गर्न पाउनु नागरिकप्रतिको सम्मान पनि हो । झण्डा फोहोर भए, पुरानो भए, च्यातिएमा तुरुन्त फेर्ने र यसको अन्य नियम पालना गरी आफैंप्रतिको सम्मान कायम गर्न आवश्यक छ । यसर्थ यस वर्षाको दिवसले झण्डाको सम्मान गर्न सबैमा चेतना जगाउन सकोस् ।

## Opinion @ Social Network

कहिले नसोच्नुस कि चर्को स्वर सधै शक्तिशाली हुन्छ...
र शान्त सधै कमजोर हुन्छ ।
*(कृष्ण अर्यालको फेसबुकबाटhttps://www.facebook.com.Krishna Aryal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# माओवादी रूपान्तरण अभियानले नदेखेको पाटो



**राम्जी आचार्य**

*समानता र समृद्धिको परिकल्पना गर्ने तर त्यस अनुसारको संगठन र कार्यनीति तय गर्न निकै ढिला गर्ने उसको तौर-तरिकाले धमाधम कार्यकर्ता पलायनको मार खेप्दै आएको छ । सत्ता र सार्वजनिक लाभको पदमा बसेका कतिपय माओवादी नेतामाथि आर्थिक अपचलनको आरोप समेत लाग्ने गरेको छ । कुनै बेलाको प्रमुख दल खुम्चँदै सानो आकारमा परिणत हुँदा पनि सरकारको नेतृत्व गर्न पाएको अवसरलाई सदुपयोग गर्न माओवादी नेता कार्यकर्ता चुकिरहेका छन् । धैर्यता र आत्मविश्वासको कमी भएका नेता कार्यकर्तालाई ढाडस दिन चार महिने अभियान त्यति सफल भएजस्तो देखिएन । बरु संसद् र सामाजिक परिवेश समेतमा झिनो अंशमा रहेका राजावादी र राप्रपाजस्ता व्यक्ति र संस्थाले आफूलाई अब्बल साबित गर्न निर्धक्क उभिएका देखिन्छन् तर जबरजस्ती इतिहास र संघर्ष पार लगाएर आएका माओवादी वृत्तका मान्छे 'नुन खाएका कुखुरा'जस्ता भएका छन् । माओवादी नेता कार्यकर्तालाई एउटै डर छ चुनाव हारिन्छ भन्ने, तिनलाई एउटा निर्वाचन हारेमा अर्को जितिन्छ भन्ने आत्मविश्वास पनि छैन । अनि पार्टी फुटाउने र पार्टी परिवर्तन गर्ने सबभन्दा धेरै भोक पनि माओवादी नेता कार्यकर्तालाई नै लाग्ने गरेको देखिन्छ । उपर्युक्त दृष्टान्तलाई केलाउँदा माओवादी पार्टीमा सापेक्षित इमानदार र लाटा-सोझा मान्छेको बाहुल्य रहेको बुझ्न सकिन्छ ।*

नेकपा माओवादी केन्द्रले सुरु गरेको तीनमहिने रूपान्तरण अभियानमा थपिएको एक महिना पनि सकिन करिब १५ दिन बाँकी छ । यस अवधिमा पार्टी सुदृढीकरणका लागि उसका नेता कार्यकर्ताले थुप्रै मेहनत र प्रयास गरेको देखियो । यद्यपि माओवादी पार्टीको बनावट र क्रियाशीलतामा हुँदै आइरहेको क्षयीकरण रोकिने गरी ठूलै उपलब्धि भएको देखिएन । एकता संघर्ष, रूपान्तरण, टुटफुट र भैं-झगडा आदि घटनाक्रमको सामना गर्दै आइरहेको माओवादी आन्दोलन र पार्टी किंकर्तव्यविमुढताको सिकार हुनबाट जोगिन निकै संघर्षरत देखिन्छ । थोरै मात्रामा कुशल संगठक र सक्षम कार्यकर्ता उत्पादन गर्ने गरेको माओवादी पंक्तिले कार्यकर्ता जोगाउन गम्भीर प्रयत्न गरेको देखिँदैन । आठ, साढे आठ लाख कार्यकर्ता रहेको दाबी गर्ने माओवादी पार्टीले अपेक्षाकृत मत हासिल गर्न सकेको पनि देखिँदैन । यस हिसाबले हेर्दा केन्द्रमा हल्ला-खल्ला र दबदबा सिर्जना गर्न सक्ने हैसियत राख्ने माओवादीको स्थानीयता कमजोर छ भनेर परिणामहरूले देखाएकै छन् । पार्टीले आफ्नो हैसियत, इतिहास र वर्तमानको सामाजिक चेत समेतलाई स्वीकार गरेर सुदृढीकरण तथा रूपान्तरण अभियान चलाएको होला भनेर बुझ्न सकिन्छ । तथापि संगठनको केन्द्रीय तह र स्थानीय तहमा तादात्म्यता मिलाउन माओवादीलाई निकै सकस परेको छ । सामाजिक न्याय तथा व्यवस्था परिवर्तनका लागि भएको विद्रोह र संघर्षको नेतृत्व गरेर उदाएको पार्टीको आकार खुम्चिनुमा उसका आफ्नै सीमा र कमजोरीले काम गर्दै आएका छन् । संघर्ष र परिवर्तनको सफल नेतृत्वपछि २०६४ बाट निरन्तर सरकारमा रहँदै आएको माओवादी आजपर्यन्त 'कुहिरोको काग'जस्तै रुमलिरहेको छ ।

यसको मुख्य जड र जग उसको कार्यकर्ता पंक्ति नै हो । सधैं लडाइँ र विद्रोहको मात्रै प्रशिक्षण पाएका माओवादी कार्यकर्ताले परिवर्तित समाज र नयाँ युगको आवश्यकतालाई आत्मसात गर्नै जानेनन् । युद्ध जित्नलाई भनेर जम्मा गरेका विविध प्रकृतिका कार्यकर्तालाई नयाँ परिवेशमा समायोजन गर्न ढिला भएपछि माओवादीले धक्का व्यहोर्दै आइरहेको छ । उतिबेला आन्दोलन धान्न जस्ता मान्छे पनि जम्मा गर्नुपर्ने बाध्यताले हुन सक्छ, पुरानो सत्ताले दोषी करार गरेका फटाहा वा उपद्रो मच्चाएका विभिन्न खाले व्यक्ति र स्वतः स्फूर्त रूपमा आन्दोलनमा सहभागी इमानदार कार्यकर्ता सबैलाई एउटै भूमिका थियो । सायद उसले जसरी पनि आन्दोलन र युद्ध जित्नैपर्ने विवशता भएर होला । जब आन्दोलनको समापन भयो, तब उसका नेता कार्यकर्तामा विचलन आउन थाल्यो । मूलबाट उम्रिएका जो जो कार्यकर्ता थिए, सबैले आफ्नो स्वभाव अनुसारका रूप देखाउँदै गए । पदलोलुप र फटाहा संस्कृतिका मान्छेले माओवादी छाड्ने क्रम जारी छ, त्यसको बाछिटा एकाध इमानदारहरूमा समेत परेको देखिन्छ । समाजवादी क्रान्तिको कार्यभार पूरा गर्न भन्दै संयुक्त मोर्चा र समाजवादी फोरमहरूसँग निकटता बढाउँदै गएको माओवादीले संसद्वादी दलहरूको प्रतिस्पर्धामा आफूलाई दह्रो गरेर उभ्याउन सकेको छैन । त्यस्तै उदाउँदै गरेका नयाँ राजनीतिक दलहरूको मुख्य तारो पनि माओवादी नै भएको छ । समानता र समृद्धिको परिकल्पना गर्ने तर त्यस अनुसारको संगठन र कार्यनीति तय गर्न निकै ढिला गर्ने उसको तौर-तरिकाले धमाधम कार्यकर्ता पलायनको मार खेप्दै आएको छ । सत्ता र सार्वजनिक लाभको पदमा बसेका कतिपय माओवादी नेतामाथि आर्थिक अपचलनको आरोप समेत लाग्ने गरेको छ । कुनै बेलाको प्रमुख दल खुम्चँदै सानो आकारमा परिणत हुँदा पनि सरकारको नेतृत्व गर्न पाएको अवसरलाई सदुपयोग गर्न माओवादी नेता कार्यकर्ता चुकिरहेका छन् । धैर्यता र आत्मविश्वासको कमी भएका नेता कार्यकर्तालाई ढाडस दिन चार महिने अभियान त्यति सफल भएजस्तो देखिएन । बरु संसद् र सामाजिक परिवेश समेतमा झिनो अंशमा रहेका राजावादी र राप्रपाजस्ता व्यक्ति र संस्थाले आफूलाई अब्बल साबित गर्न निर्धक्क उभिएका देखिन्छन् तर जबरजस्ती इतिहास र संघर्ष पार लगाएर आएका माओवादी वृत्तका मान्छे 'नुन खाएका कुखुरा'जस्ता भएका छन् । माओवादी नेता कार्यकर्तालाई एउटै डर छ चुनाव हारिन्छ भन्ने, तिनलाई एउटा निर्वाचन हारेमा अर्को जितिन्छ भन्ने आत्मविश्वास पनि छैन । अनि पार्टी फुटाउने र पार्टी परिवर्तन गर्ने सबभन्दा धेरै भोक पनि माओवादी नेता कार्यकर्तालाई नै लाग्ने गरेको देखिन्छ । उपर्युक्त दृष्टान्तलाई केलाउँदा माओवादी पार्टीमा सापेक्षित इमानदार र लाटा-सोझा मान्छेको बाहुल्य रहेको बुझ्न सकिन्छ । अपवाद बाहेकका अब्बल र टाठा-बाठाको झुकाव पुराना संसद्वादी पार्टीमै रहेकाले सत्ताको अवयवमा माओवादीको सशक्त हस्तक्षेप वा भूमिका न्यून देखिन्छ । सरकारमा बसेर पनि सत्ता चलाउन नसक्दा माओवादीलाई परेको घाटा सबैले बुझेका छन् । संघीयताका बारेमा छरिएका गलत भ्रमहरूको प्रतिवाद गर्न कार्यकर्तालाई नसिकाउने आदि जस्ता कारणले पनि माओवादीको लयलाई बिगार्ने गरेका छन् । खासमा खर्चको कारणले संघीयता बेठिक भनिँदै आएको छ । त्यसो हो भने तीनवटा तहका संघीयतालाई दुईमा झार्न सकिने भयो । आवश्यक नभएका कतिपय निकाय जस्तै जिल्ला समन्वय समिति खारेज गर्न सकिने भयो । त्यस्तै प्रतिनिधिसभा र राष्ट्रियसभाको जम्बो आकारलाई घटाउन सकिने भयो । कठिन आर्थिक अवस्थामा जनप्रतिनिधिहरूले बिना पारिश्रमिक काम गर्छु भनेर स्वघोषणा गर्ने जमर्को गर्नुपर्‍यो । सबै प्रकारबाट हिसाब गर्दा पनि आर्थिक भारले धानेन भने नयाँ तरिकाले समाधानको विकल्प खोज्ने जति पनि तरिका छन् तर मान्छेलाई अहिलेको भन्दा पहिल्यैकै व्यवस्था ठिक भनेर उत्तेजित बनाउने प्रयत्न भइरहेको छ । यतातर्फ पनि माओवादी पार्टीको तीनमहिने अभियानले ध्यान पुर्‍याउन सकेको देखिएन । त्यस्तै, माओवादीले उठान गरेको प्रत्यक्ष निर्वाचित कार्यकारी र विज्ञहरूको मन्त्रीमण्डल बनाउने व्यवस्था निकै पहिल्यैदेखि चर्चामा थियो । जसका कारण सांसद बन्न मरिहत्ते गर्ने र चुनाव जित्नलाई भ्रष्टाचार गर्ने प्रवृत्तिको अन्त्य भई सुशासन उन्मुख शृंखलाको सुरुआत हुन्छ भनेर सिकाउन पनि तीनमहिने अभियान कामयाबी हुन सकेको देखिएन । सबभन्दा खड्किएको विषय आफ्नो गर्विलो इतिहास, विचार, पृष्ठभूमि हुँदा र राज्यलाई उसको आवश्यक हुँदा समेत सशक्त संगठन निर्माण गर्न नसकेर अवाक् बन्दै छ माओवादी । पार्टीभित्र को आयो को गयो, कसको योगदान कति ? को आफ्नो, को अरुको भन्ने बहिखाता माओवादी पार्टी कार्यालयमा भेटिँदैनन् । निश्चित योजनाबिनै हावाको भरमा उम्मेदवार छान्ने, चुनाव लड्ने र अन्य कार्यक्रम गर्न तम्सिन्छ माओवादी, अनि हार व्यहोर्छ । चुनावमा हुने हार-जित र राजनीतिक मैदानमा नयाँहरूको उदय स्वाभाविक हो । विचार निर्माण, प्रतिस्पर्धा र समयबोध भएन भने राजनीतिक दलको अवसान रोकिँदैन । यस्ता बहस र विषयवस्तु जनता र कार्यकर्तामाझ लिएर जानुपर्नेमा माओवादी नेताहरूले आफ्नो अहंता र खुबी प्रस्ट्याउन सामाजिक सञ्जालहरूमा 'स्टाटस' ठोकेका ठोक्यै छन् । यसबाट बुझिन्छ, माओवादी पंक्तिमा पनि बुर्जुवा पार्टीकै धङधडी कायमै छ । उनीहरूलाई पक्कै थाहा छ, पार्टी बन्न कार्यकर्ता चाहिन्छ र कार्यकर्ता बनाउन विचार । विचार त देखियो माओवादीसँग तर जनतामा पुग्दै पुगेन । तीन महिना र थपिएको एक महिना समाप्त हुनै लाग्दा पनि जनतामाझ माओवादी बारेको भ्रम मेटिएको देखिएन । आशा गरौं, थपिएका दिन र विधान महाधिवेशन हुँदै विशेष महाधिवेशनसम्मको यात्रा तय गरेको माओवादीले त्यसबेलासम्म आफूलाई जनताको पार्टीमा रूपान्तरण गरिसकेको हुनेछ । **-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ र शुभ समाचार पनि सुन्न पाइएला ।रोकिएको धन हात पर्ला । | **तुला** : धर्मकर्ममा रुचि बढ्ने छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । |
| **वृष** : मनोरञ्जनमा सहभागी भइएला । अतिथिको सेवा पनि होला । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्म, कर्ममा मन पनि लाग्नेछ । |
| **मिथुन** : जोश जाँगर बढ्नेछ । बिना प्रतिस्पर्धा फाइदा हुने योग छ । | **धनु** : रोकिएका अधुरा कार्यको थालनी हुनेछ । मिष्ठान्न भोजन प्राप्ति हुनेछ । |
| **कर्कट** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। जोश, जाँगर र उमङ्ग बढ्नेछ । | **मकर** : आफन्तको सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| **सिंह** : साँझमा पैसा खर्च हुने योग छ । सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ । |
| **कन्या** : श्रमको उचित मुल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ । | **मीन** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |

# कृषि

## सागसब्जी उत्पादनबाट आत्मनिर्भर बने थारु महिला



बिहान ४ बजेदेखि नै तुलसीपुरका विभिन्न चोकमा कठ्याङ्ग्रिने चिसोको परवाह नगरी छिट्वामा सागसब्जी राखेर ग्राहकको प्रतीक्षामा बसेका भेटिन्छन् दाङका थारु महिला । तुलसीपुर बजारका चोकचोकमा किसानहरू आफूले उत्पादन गरेका कृषिउपज लिएर बिक्रीका लागि ग्राहकको प्रतीक्षामा भेटिन्छन् ।

चिसो सडकमा ग्राहकको पर्खाइमा बस्नेमध्येकी एक हुन् तुलसीपुर उपमहानगरपालिका-१० पड्डाकी ४० वर्षीया रामकुमारी चौधरी । उनी व्यावसायिकरूपमा काउली र आलुखेती गरेर आत्मनिर्भर छिन् । उनी भन्छिन्, 'सडकमा बसेर सागपात बिक्री गर्न थालेको वर्षौं बित्यो । यसबाटै जीवन गुजारा भएको छ । कृषिकर्मबाट राम्रो आम्दानी भएको छ ।' गाउँबाट राति २ बजे नै छिट्वा बोकेर कहिले पैदल त कहिले अटो चढेर आउने रामकुमारी पनि सडकमा कृषि उपज बेचेर आत्मनिर्भर भएकी छन् । दैनिक गर्जो टार्न र आफ्ना छोराछोरीलाई कापीकलम किन्न उनको कृषि आम्दानीले धेगेको छ । पाँचदेखि कठ्ठा जमिनमा गरिने मौसमी र बेमौसमी खेतीबाट उनले वार्षिक रु दुईदेखि साढे दुई लाखसम्म बचत गर्दै आएको सुनाइन् । बचत रकमबाट नै उनले मल बीउबिजन, किटनाशक औषधि खरिद गर्दै आएकी छिन् । विपन्न वर्षीया आश्मानी चौधरीले पनि आफूलाई व्यावसायिक खेतीमा आफूलाई सक्रिय राखेकी छिन् । पन्ध्र कठ्ठा जमिनमा चमसुर, पालुङ्गो, गोलभेडा फलाउने उनी धानभन्दा सागसब्जी उत्पादनबाट राम्रो आम्दानी लिन सफल भएको बताउँछिन् । उनले गत वर्ष रु तीन लाख आम्दानी गरेको बताइन् । तुलसीपुर १६ की ४० वर्षीया राजपति चौधरी पनि १२ कठ्ठा जमिनमा व्यावसायिकरूपमा सागसब्जी लगाएर गरेर आत्मनिर्भर बनेकी छिन् । उनले वार्षिक रु साढे तीन लाखसम्म आम्दानी हुने गरेको बताइन् । सागपात बेचेर नै उनले आफ्ना दुई छोराछोरीलाई कृषि प्राविधि पढाएकी छिन् । परिश्रमअनुसार पर्याप्त प्रतिफल प्राप्त हुने कृषिकर्ममा नै आफ्ना सन्तानलाई लगाउने आफ्नो सोच रहेको उनले सुनाइन् ।-रासस

## कोदो र फापर फलाउने किसानलाई अनुदान



मकवानपुरको भीमफेदी गाउँपालिकाले कोदो र फापर खेती गर्ने किसानलाई अनुदान प्रदान गर्ने घोषणा गरेपछि स्थानीय किसानहरु उत्साहित भएका छन् ।

गाउँपालिकाले वडा नम्बर-३ मा कोदो उत्पादन गर्ने किसानलाई नगद अनुदान वितरण गरेको छ । पालिका अध्यक्ष हिदम लामाले शुक्रबार नगद अनुदान वितरण गर्दै सहरबजारमा कोदो र फापरको उपभोग बढेकाले उत्पादन बढाएर मुनाफा आर्जन गर्न किसानलाई आग्रह गरे । भीमफेदीको एक हजार ६० रोपनी जग्गामा दुई सय ६६ किसानले कोदो रोपेका र त्यसबाट एक सय मेट्रिक टन कोदो उत्पादन हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षमा रु २० लाख कोदो उत्पादन बढाउन पालिकाले अनुदानको व्यवस्था गरेको अध्यक्ष लामाले बताए । यो वर्ष अपेक्षाअनुसार मकै उत्पादन नभएकाले कोदोले त्यसको अभाव परिपूर्ति गर्ने उनले बताए । अनुदान पाएका किसान बाहेक पालिकाका अन्यले पनि कोदो खेती गर्दै आएका तथा भीमफेदीमा मात्र दुई हजार रोपनीभन्दा बढी क्षेत्रफलमा कोदो खेती भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । गाउँपालिकाले पालिका भित्र उत्पादित रैथाने बाली कोदो र फापरको न्युनतम समर्थन मूल्य पनि निर्धारण गरेको छ । गाउँपालिकाको आर्थिक विकास समितिको निर्णयअनुसार चालु आथिएक वर्षका लागि कोदोको न्यूनतम समर्थन मूल्य प्रतिकेजी रु ५५ र फापर प्रति केजी रु एक सय निर्धारण गरिएको छ ।

-रासस

## मौरी चराउन चितवनका चिउरी पाखामा किसान

चितवनको पहाडी क्षेत्रमा चिउरीका बोट प्रशस्तै भेटिन्छन् । यतिबेला चिउरी फुल्ने मौसम भएकाले यहाँका मौरीपालक किसान मौरी चराउन चिउरी फुल्ने पाखातर्फ लागेका छन् । चिउरीको बोटमा यतिबेला फूल खेल्न सुरु भएको छ ।

रत्ननगर-४ भोकाहाका किसान रामबहादुर थापा दुई सय घार मौरी लिएर कालिका नगरपालिका-१० स्थित पाइमाराडमा पुगेका छन् । 'तोरीमा फूल सकिँदै जान थालेपछि चिउरीमा चराउन मौरी लिएर आएका हौँ', उनले भने,'फागुन अन्तिमसम्म मौरी यही राखिन्छ ।' उनले मौसमले साथ दियो भने दुई पटकसम्म चिउरीको मह काढ्ने बताए । चिउरीको मह नजम्ने भएका कारण उपभोक्तले धेरै खोज्ने गरेको किसान थापाले बताए । 'विसं २०५६ देखि मौरी पाल्दै आएको हुँ', उनले भने,'प्रत्येक वर्ष मौरी चराउन विभिन्न स्थानमा गइरहनुपर्छ ।' उनले मौरीको चरन क्षेत्र र महको बजारीकरणको समस्या रहेको बताए । चरन क्षेत्रमा पनि जङ्गली जनावरले दुःख दिने उहाँको अनुभव छ । मौसम अनुकूल भएमा एक वर्षमा चार पटकसम्म मह काढिने थापाले बताए । 'मौरी पालेर परिवार ढुक्कसँग पालिएको छ', उनले भने, 'जिन्दगीको सबैभन्दा आनन्द यही हो ।' चितवनको कालिका नगरपालिका, राप्ती नगरपालिका र इच्छाकामना गाउँपालिकाका विभिन्न वडामा चिउरीको बाक्लो जङ्गल छ । यहाँ यो सिजनमा मात्रै झण्डै ३० हजार घार मौरी चराउनका लागि ल्याउने गरिएको नेपाल मौरीपालक महासैका पूर्वअध्यक्ष शिवप्रसाद पौडेलले राससलाई बताए । उहाँका अनुसार यहाँ चितवनसँगै मकवानपुर, रौतहट, नवलपरासी, रुपन्देही, दाङलगायत जिल्लाका किसानले पनि मौरी ल्याउने गरेका छन् । जङ्गली फूलमा र विषादी नहुने भएकाले चिउरीमा मौरी चराइने गरिएको हो । चिउरीमा चरेका मौरीको मह नेपालबाहेक अरु देशमा नपाइने भएकाले यसको बजारीकरण गर्न सके उच्च प्रतिफल प्राप्त हुने पूर्वअध्यक्ष पौडेल बताए । उनका अनुसार नेपालमा सेरेना र मेलीफेरा मौरीपालन हुने गरेको छ । व्यावसायिक रुपमा भने मेलिफेराको पालिन्छ । चितवन मौरीपालनको उर्वर भूमि हो जहाँ पाँच सयभन्दा बढी व्यावसायिक मौरीपालक किसान छन् ।

-रासस

## अर्बौं विदेशी मुद्रा भित्र्याउने चिया व्यवसाय सङ्कटमा



अलैँचीपछि सबैभन्दा बढी विदेशी मुद्रा स्वदेश भित्र्याउने चिया व्यवसाय सङ्कटमा परेको सरोकारवालाले बताएका छन् । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले गत वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ मा दोब्बर विदेशी मुद्रा भित्र्याउने अनुमान गरिरहेको अवस्था सरोकारवालाले चिया क्षेत्रमा गम्भीर सङ्कट निम्तिएको बताएका हुन् । बोर्डका कार्यकारी निर्देशक विष्णुप्रसाद भट्टराईले चालु आर्थिक वर्षमा नेपालबाट अर्थोडक्स र सिटीसी चिया निर्यातबाट करिब रु आठ अर्बको विदेशी मुद्रा भित्रिने आकलन गरेको बताए । उनले भने, 'सरकारले समयमै चियालाई चाहिने मलसहितका कार्यक्रम उपलब्ध गराएको छ । यसले उत्पादन पनि बढ्ने अनुमान छ । उत्पादन बढेसँगै निर्यात बढी स्वतः भइहाल्छ ।' चिया क्षेत्रका विद्यमान समस्या समाधानमा प्रभावकारी भूमिका निर्वाह गर्ने र सरोकारवालाले उठाएका सबैखाले समस्याको उचित सम्बोधन गर्दै राज्य पक्षलाई समेत समस्याको जानकारी गराउने उनले बताए । गत वर्ष चिया निर्यातबाट मात्र नेपालमा रु तीन अर्ब ८० करोड रकम भित्रिएको बोर्डको तथ्याङ्कमा उल्लेख छ । चिया किसान हर्क तामाङले बोर्डले गरेजस्तो आकलनले काम नगर्ने बताए । उनले बोर्डले कोठामा बसेर तथ्याङ्क तयार गर्ने, किसानका बगानसम्म पुगेर मूल्याङ्कन नगर्ने हुँदा यस्तो लक्ष्य लिनु स्वभाविक भएको बताए । 'बोर्ड अलैँचीपछि विदेशी मुद्रा ल्याउने चिया भन्छ', उनले भने,'तर यही अवस्था रहने हो पाँच वर्षपछि चियाको बुट्टा भेट्न पनि गाह्रो होलाजस्तो छ ।' सरकारले चियालाई कृषिको रूपमा सूचीकृत नगरेर उद्योगसरह विद्युतीय महसुल लगाउँदा सिँचाइमा समस्या, अक्सन बजारको अभावले अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउन नसक्नु मुख्य कारण रहेको उनको भनाइ छ । अखिल नेपाल ट्रेड युनियन केन्द्रीय उपाध्यक्ष भूपाल सापकोटाले चिया विकासको निम्ति बोर्डले अहिलेसम्म केही काम गर्न नसकेको आरोप लगाए । उनले उद्योगी, व्यवसायी, किसान, मजदुर कसैको समस्या समाधानमा बोर्डले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको बताए । नेपाल चिया बगान श्रमिक सैका केन्द्रीय अध्यक्ष दीपक तामाङले चिया क्षेत्रको समस्या समाधानमा राज्य उदासिन देखिएको आरोप लगाए । उनले हालसम्म श्रम ऐनअन्तर्गतको कतिपय बगानका श्रमिकले ज्यालासमेत नपाइरहँदा बोर्डले समेत कानुन कार्यान्वयनमा समन्वय नगरेको गुनासो गरे । नेपालमा २० हजार दुई सय ३७ हेक्टरमा चियाखेती लगाइएको बोर्डले जनाएको छ । त्यसमध्ये ९९ प्रतिशत उत्पादन कोशी प्रदेशमा भइरहेको छ । सत्तरी हजार नागरिकले रोजगारी पाइरहेको चियाका ३० वटा अर्थोडक्स र ३८ वटा सिटीसीका उद्योग सञ्चालित छन् । नेपाली चियाको मुख्य बजार भारत, चीन, श्रीलङ्का, रसिया, नेदरल्याण्डलगायतका राष्ट्रमा रहेको बोर्डको तथ्याङ्कले देखाएको छ ।-रासस

## विदेशबाट फर्केर सामूहिक माछापालन




वैदेशिक रोजगारीमा भनेजस्तो कमाइ नभएपछि स्वदेश फर्केर पश्चिम म्याग्दीको मालिका गाउँपालिका-३ का तीन जना युवाले सामूहिक माछापालन गरेका छन् । स्थानीय पूर्णबहादुर रोका, तेजेन्द्र बुढा र यमेन्द्र रोकाले मालिका-३ मा पर्ने टिमुरे खोलामा सामूहिक माछापालन थालेका हुन् । उक्त सामूहिक माछापालन पश्चिम म्याग्दीका लागि उदाहरणीय व्यवसाय बनेको छ ।

पूर्ण कतारमा छ र यामेन्द्र तीन वर्ष तथा तेजेन्द्र बहराइनमा तीन वर्ष काम गरेर स्वदेश फर्किएपछि सामूहिक माछापालनमा लागेका हुन् । टिमुरे खोला नजिकैको आठ रोपनी जग्गा भाडामा लिएर उनीहरुले सामूहिक रूपमा ट्राउट जातका माछा पालेका छन् ।

रू २० लाख लगानीमा माछापालनका लागि १० पोखरी निर्माण गरिएको पूर्णले जानकारी दिए । विसं २०७९ कात्तिकदेखि मालिका रेन्बो ट्राउट फर्म दर्ता गरी माछापालन व्यवसाय सुरु गरिएको उनले बताए । 'सुरुमा रू आठ लाखको लगानीमा छ वटा पोखरी (रेसवे) निर्माण गरी माछापालन थालनी गर्‍यौं । अहिले १० पोखरी निर्माण गरेका छौं',उनले भने । गण्डकी रेन्बो ट्राउटबाट १० हजार अण्डा ल्याएर ह्याचिरिङ गरिएको जनाउँदै पूर्णले करिब नौ महिनामा माछा बिक्रीका लागि तयार हुने बताए । अहिले पोखरीमै भुरा उत्पादन हुने भन्दै १२ हजार बढी माछा हुर्किरहेका उनले जानकारी दिए । पूर्णका अनुसार पहिलो वर्ष सात सय केजी बढी माछा बिक्री भएको थियो । यस वर्ष दुई हजार केजी उत्पादन गर्ने लक्ष्य रहेको उनको भनाइ थियो । पहिलो वर्षको आम्दानी पनि व्यवसाय विस्तारमा लगाइएको बताउँदै उनले यस वर्षदेखि राम्रो आम्दानी लिन सकिने बताए ।

माछापालनका लागि चिसो र बहाव भएको स्वच्छ पानी आवश्यक हुने सञ्चालक पूर्णको भनाइ थियो । वर्षातको समयमा माछाका भुरा बचाउन गाह्रो हुने तेजेन्द्रले सुनाए । यहाँ उत्पादित माछा नजिकैको दरबाङ बजारसहित सदरमुकाम बेनी र छिमेकी जिल्ला बागलुङसम्म लगिएको उनले बताए । पहिलो वर्ष प्रतिकेजी रु एक हजार दुई सयमा बिक्री गरिएकामा यस वर्ष भने दानाको मूल्य बढेकाले रू एक हजार तीन सयमा बेच्ने गरिएको तेजेन्द्रले जानकारी दिए । बजारमा माग बढे पनि पर्याप्त उत्पादन गर्न नसकिएको उनको भनाइ थियो । उनीहरुले टिमुरेमा सामूहिक रुपमा आफ्नै रेष्टुराँ पनि सञ्चालन गरेका छन् । पोखरीमा उत्पादित माछा रेस्टुराँमा समेत खपत हुने गरेको माछापालक यमेन्द्रले जानकारी दिए । माछापालन गरी मनग्य आम्दानी भएकाले विदेशभन्दा नेपालमै फाइदा भएको उनको भनाइ थियो । आधुनिक किसिमले पोखरी निर्माण गरेर व्यावसायिक रूपमा माछापालन सुरु गरिएकाले फर्ममा परिवारका अन्य सदस्यलेसमेत साथ दिनुभयो यमेन्द्रले बताए । मालिका-३ का वडाध्यक्ष मोतीप्रसाद बुढाले गाउँमै युवाको लगानीमा व्यावसायिक माछापालन गरेसँगै अन्य युवाका लागि पनि प्रेरणाको स्रोत बनेको बताए । उनका अनुसार वडाको ५० प्रतिशत अनुदान कार्यक्रमबाट पोखरी वरिपरी घेरबार गरिएको छ । सरकारबाट पाउने ऋण र अनुदानमा समेत झन्झटिलो प्रक्रिया भएको भन्दै वास्तविक किसानसँग अनुदान पुग्न नसकेको माछापालक रोकाले गुनासो गरे । आगामी दिनमा यस व्यवसायलाई अझै विस्तार गर्ने सोच रहेको उनले बताए ।-रासस

# आज राष्ट्रिय झण्डा दिवस मनाइँदै



**पाल्पा,** मंसिर ३०/राष्ट्रिय एकताको प्रतीकका रुपमा रहेको झण्डाको सम्मानमा आज छैठौं राष्ट्रिय झण्डा दिवस मनाइँदैछ । झण्डालाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय मान्यता प्रदान गरेको दिनको सम्झनामा हरेक वर्षको डिसेम्वर १६ अर्थात् पुस १ गतेका लिन यो दिवस मनाउने गरिएको हो ।

विभिन्न कार्यक्रम गरी आज आइतबार यो दिवस मनाइँदै छ । २०१९ पुस एक गतेको दिन नेपालको राष्ट्रिय झण्डालाई संयुक्त राष्ट्र संघमा अंगीकृत गरिएको थियो । सोही दिनको सम्झनामा २०७५ पुस १ गतेदेखि दिवसको रूपमा मनाउँदै आइएको छ । पछिल्लो समय राष्ट्रिय झण्डाको प्रयोग विभिन्न नारा, जुलुसमा भइरहेको भन्दै झण्डालाई राष्ट्रिय पहिचानको रूपमा मात्रै प्रयोग गर्नुपर्ने आवाज समेत उठेको छ । राष्ट्रिय झण्डाको महिमा गुम्दै गएकाले यसको महत्व उजागर गर्न दिवसले महत्वपूर्ण भूमिका खेल्ने जानकारहरु बताउँछन् । उनीहरुका अनुसार नेपालको राष्ट्रिय झण्डामा दुई चुच्चो र तीन कुना हुनुले नेपाल हिमाल, पहाड र तराई भूमीको देश भएको जनाउने गर्दछ । झण्डामा चन्द्र माथि र सूर्य तल छ । चन्द्रलाई मन र बुद्धिको प्रतीक मानिन्छ भने सूर्य उर्जा र पौरखको प्रतिविम्ब हो । मन र बुद्धिको अधिनमा ऊर्जा र पौरख बस्नुपर्छ भन्ने मान्यता बुद्धिजिविहरुले राख्दै आएका छन् । झण्डामा रहेको ८ कोणको चन्द्रमाले १६ कला र सूर्यको १२ कोणले १२ महिना, १२ राशी बुझाउँछ । रातो रंगले उर्जा, नीलोले आकाश र सेतोले शान्तिलाई प्रतिविम्बन गर्छ । लिच्छविकालीन अंशुवर्माको मुद्रामा पनि दुई पताकासहितको नेपालको झण्डा अंकित छ । यी मुद्रामा सिंहले झण्डा समातेको देखिन्छ । शक्ति र स्वाभिमानको प्रतीक सिंहले झण्डालाई अभिवादन गरेको आकृति मानदेवकालीन मुद्रामा समेत भेटिएको छ ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** मंसिर ३०/ पेट्रोलियम पदार्थको मूल्य घटेको छ । नेपाल आयल निगमले शुक्रबार मध्यरातिदेखि लागू हुने गरी पेट्रोल प्रतिलिटर ३ रुपैयाँ र डिजेल/मट्टितेल प्रतिलिटर ३/३ रुपैयाँले घटाएको हो ।

नयाँ मूल्य अनुसार अब पहिलो वर्ग अन्तर्गत पर्ने चारआली, विराटनगर जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोको १५ किलोमिटरसम्मको क्षेत्रमा खुद्रा मूल्य पेट्रोलको लिटरको १ सय ६४ रुपैयाँ ५० पैसा पर्नेछ । डिजल तथा मट्टीतेलको भने लिटरको १ सय ५४ रुपैयाँ ५० पैसा पर्नेछ । यस्तै दोस्रो वर्गमा पर्ने सुर्खेत र दाङ डिपोको १५ किलोमिटर सम्मको क्षेत्रमा पेट्रोलको लिटरको १ सय ६६ रुपैयाँ डिजल तथा मट्टीतेल लिटरको १५६ रुपैयाँ पर्ने आयल निगमले जनाएको छ । तेस्रो वर्गमा पर्ने काठमाडौं, पोखरा र डिपालय क्षेत्रमा भने पेट्रोलको लिटरको १ सय ६७ रुपैयाँ तथा डिजल तथा मट्टीतेल लिटरको १ सय ५७ रुपैयाँ पर्नेछ । निगमले यस अघि मंसिर १४ गते पेट्रोलमा २ रुपैयाँ र डिजेल/मट्टीतेल प्रतिलिटर ४ रुपैयाँ घटाएको थियो । मूल्य घटेसँगै पेट्रोल प्रतिलिटर १ सय ७० र डिजेल/मट्टीतेल प्रतिलिटर १ सय ६० रुपैयाँ परेको थियो । त्यति बेला खाना पकाउने एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डर २१ रुपैयाँ १४ पैसा बढेको थियो ।

यस पटक भने ग्यासको मूल्य यथावत् राखिएको छ । हाल ग्यास प्रतिसिलिण्डर १८ सय ९५ रुपैयाँ छ । यो मूल्यमा बिक्री गर्दा निगमलाई प्रतिलिसिन्डर ३ सय रुपैयाँ नोक्सानी रहेको जनाइएको छ । लामो समय घाटामा रहेको निगम अहिले भने ऋणमुक्त छ । इन्धनको आपूर्ति सहज बनाउन सरकारबाट लिएको ७ अर्ब ऋणमध्ये अन्तिम किस्ता ७० करोड अर्थ मन्त्रालय अन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा भुक्तानी गरेसँगै निगम ऋणमुक्त बनेको हो । रुस र युक्रेनको युद्धले कच्चा र प्रशोधित तेलको मूल्य बढ्दा निगम २०७७ पुसदेखि नोक्सानीमा जान थालेको थियो । मूल्य बढ्दै जाँदा एकै वर्षमा निगम करिब ५० अर्ब घाटा बेहोरेको थियो । त्यसपश्चात् आईओसीसँग इन्धन खरिद गर्दा समेत करिब ३३ अर्ब वक्यौता रहेको थियो । वाणिज्य बैंकसँग ३ अर्ब र सरकारसँग ७ अर्ब ऋण लिएकोमा अहिले ब्याजसहित सबै चुक्ता गरेको निगमले जनाएको छ ।

# प्लास्टिकका सामग्रीले...

...परम्परागत सामग्री, कला तथा संस्कृतिसँग जोडिएको काठका भाँडा बनाउने पेसाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि पालिकाले चुँदारा समुदायलाई सहयोग गर्ने नीति बनाएको उनले जानकारी दिए । 'परम्परागत शैलीबाट निर्माण हुने काठका सामग्री बनाउन बढी समय लाग्ने र खर्च पनि बढी हुन्छ । बजारमा यस्ता सामग्रीको खपत निकै कम हुन थालेको छ', परम्परागत रुपमा यो पेसा गर्दै आएका यमन सुनारले भने । बिक्री कम हुने भएकाले यो व्यवसायबाट जीविकोपार्जनमा समस्या हुन थालेको उनले बताए । 'गाउँघरमा पाइने काठबाट निर्माण गरिएका सामग्री बिक्रीका लागि लैजाँदा कहिलेकाहीँ त बिक्री नै नभएर त्यत्तिकै फिर्ता ल्याउनुपर्ने बाध्यता छ', सुनारले दुखेसो पोखे । काठबाट निर्मित भाँडाको महत्वका बारेमा जानकारी नभएकाले पनि पछिल्लो समयमा चुँदारा समुदायको पेसा संकटमा परेको उनले बताए । सुनारका अनुसार गाउँघरमा गिठीको काठबाट निर्माण गरिएका ठेकाको मूल्य बजारमा प्रतिमाना सात सयदेखि एक हजारसम्ममा बिक्री हुँदै आएको छ । जिल्लामा आयोजना गरिने मेला महोत्सवसँगै ग्रामीण क्षेत्रका बजार र सदरमुकामका केही सहकारी पसल र कोशेली घरहरुमा यस्ता प्रकारका सामग्रीहरु बिक्रीका लागि राखिने गरिएको उनले जानकारी दिए ।

**-रासस**

## खेलकुद समाचार

# वीरगञ्जलाई हराउँदै पोखरा दोस्रो स्थानमा



**काठमाडौं,** मंसिर ३०/नेपाल सुपर लिग एनएसएल फुटबलमा वीरगञ्ज युनाइटेडलाई हराउँदै पोखरा थन्डर्स दोस्रो स्थानमा उक्लिएको छ । प्रतियोगिताका तेस्रो जित हात पार्ने क्रममा पोखराले दशरथ रंगशालामा वीरगञ्ज युनाइटेडलाई २-१ ले हरायो । पोखरालाई जिताउन जोए आइडु र स्टेफेन कोजो एनोरले गोल गरे ।

जोए आइडुले खेलको छैटौं मिनेटमा गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाएका हुन् । सुरुमा आयुष घलालने बक्सको दायाँ साइडबाट स्टेफेन एनोरलाई पास दिएका थिए । एनोरले मोसेस ग्याबाहलाई पास दिए । त्यसपछि मोसेसलले हान्ने खोजेको बल वीरगंजका खेलाडीले थोरै क्लियर गरे पनि बक्स बाहिर आइडुले भेटे र उनले कन्ट्रोल गर्दै सिधा प्रहार गरेको बलले जाली चुम्यो । वीरगञ्जका किपर दीप कार्कीले रोक्ने अवसर पाएनन् । त्यसको ५ मिनेट पछि नै वीरगञ्जले बराबरी गोल फर्कायो । सुशील लामाको प्रहार गरेको फ्रिकिकमा अकिन्स के बाफोउरले हेड मार्फत गोल गर्दै खेल बराबरीमा ल्याए । तर पहिलो हाफको अन्त्यतिर स्टेफेन कोजो एनोरको क्रसमा मोसेस ग्याबाहले हेड गोल गर्दै पोखरालाई २-१ को अग्रता दिलाए । त्यसपछि दोस्रो हाफमा दुवै टिमले गोल गर्न केही मौका पाए पनि सदुपयोग गर्न सकेनन् र खेल पोखराले जित्यो । यो जितपछि ६ खेलबाट ११ अंक जोडेर पोखरा दोस्रो स्थानमा उक्लेको छ । शीर्ष स्थानको धनगढी समान अंक भए पनि पोखरा गोल अन्तरमा पछि छ । वीरगञ्ज भने ६ खेलबाट ५ अंकसहित आठौं स्थानमै यथावत छ ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# ग्लोबल आइएमई बैंकको अध्यक्षमा पुनः ढकाल



**पाल्पा,** मंसिर ३०/ग्लोबल आइएमई बैंकको अध्यक्षमा चन्द्रप्रसाद ढकाल निर्विरोध निर्वाचित भएका छन् । बैंकको १७ औं वार्षिक साधारणसभाबाट सर्वसम्मत रूपमा निर्वाचित ६ सदस्यीय सञ्चालक समितिको पहिलो बैठकले ढकाललाई पुनः अध्यक्षमा निर्वाचित गरेको हो ।

ढकाल नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष समेत हुन् । साधारणसभाबाट संस्थापक सेयरधनी मध्येबाट अध्यक्ष ढकाल, रामबहादुर भण्डारी र राधेश पन्त तथा सर्वसाधारण सेयरधनीतर्फबाट नारायणप्रसाद पौडेल उपाध्याय, मदनलाल जोशी र कृष्णप्रसाद शर्मा सञ्चालक समितिमा निर्वाचित भएको जनाइएको छ । साधारणसभाले अध्यक्ष ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण पारित गर्नुका साथै आर्थिक वर्ष २०७९/८० को कुल मुनाफाबाट बैंकले आफ्ना शेयर धनीहरुलाई प्रस्ताव गरेको बोनश शेयर तथा नगद लाभांश दिने प्रस्तावलाई पारित गरेको छ । बैंकले आर्थिक वर्ष २०७९/८० मा सञ्चालन मुनाफा १२ अर्ब ६९ करोड रुपैयाँ र कर पछिको मुनाफा ६ अर्ब ६९ करोड रुपैयाँ आर्जन गरेको थियो । प्रस्तावित बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी ३६ अर्ब १२ करोड रुपैयाँ ८७ लाख पुग्नेछ । साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै बैंकका अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकद्वारा घोषित नीतिहरुको परिपालना गर्दै आफ्ना शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न कटिबद्ध रहेको बताए । उनले बैंकले आगामी दिनमा आफ्नो व्यावसायिक रणनीतिक योजना अनुरुप व्यवसाय विस्तारका अन्य क्षेत्रमा समेत सन्तुलित वृद्धि गर्दै जाने बताए । बैंकले देशभरका ७७ वटै जिल्लामा ३५५ शाखा सञ्जाल तथा ३ अन्तर्राष्ट्रिय सम्पर्क कार्यालयसहित १ हजार १ सय भन्दाबढी सेवा केन्द्रबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।


# जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरीक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।



नेपाल सरकार

**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाइट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई